आज मिति २०८०।१०।०४ गते विहिबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोख्रेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

CamScanner

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

**आ.व.०८०।८१ कार्यपालिका बैठक, मिति: २०८०।१०।०४ गते, बैठक संख्या: ९ को प्रस्ताव तथा कार्यसूची**

प्रस्ताव नं. ९.१ अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. ९.२ साहनी बिल्डर्स निर्माण व्यवसायीसँग सम्झौता भएका ठेक्का सम्बन्धमा,

प्रस्ताव नं. ९.३ संघीय समपूरक र विशेष योजना माग सम्बन्धमा,

प्रस्ताव नं. ९.४ महिलासंग उपप्रमुख शिर्षकमा रहेको कार्यक्रमको विनियोजन सम्बन्धमा,

प्रस्ताव नं. ९.५ बहुक्षेत्रीय पोषणको बजेटबाट कार्यक्रम ब्रेकडाउन सम्बन्धमा,

प्रस्ताव नं. ९.६ खानेपानी, सरसफाई तथा स्वच्छता नियमावली, २०८० स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. ९.७ श्रृङ्गिघाट सिंचाई आयोजनाको भुक्तानी सम्बन्धमा,

प्रस्ताव नं. ९.८ कृषि बजार पूर्वाधार निर्माण सम्बन्धमा,

प्रस्ताव नं. ९.९ विविध ।

**बाणगङ्गा नगरपालिकाको आ.व.०८०।८१ को कार्यपालिका वैठक संख्या: ९ मिति: २०८०।१०।०४**

**प्रस्ताव नं. ९.१ अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्वन्धमा,**

**निर्णय नं. ९.१** यस नगर कार्यपालिकाको मितिः२०८०।०९।२३ गतेको बैठकबाट संघीय समपुरक र विशेष योजनाहरु छनोट गरी पठाईएको, नदीजन्य पदार्थको चोरी निकासीमा संलग्न व्यक्तिहरुलाई आवश्यक कारबाहीको लागि ईलाका प्रहरी कार्यालयमा पठाईएको, १४औं नगरसभाको कार्यसूची स्वीकृत गरी सोही बमोजिम नगरसभा सम्पन्न भएको, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र बमोजिम योगदानमा आधारित उपदान कोषकोलागि आवश्यक कार्य भएको, १३औं नगरसभामा स्वीकृत योजना तथा कार्यक्रमहरुको आवश्यक संसोधनको लागि नगरसभामा सिफारिस गरिएको, नदीजन्य पदार्थ उत्खनन र संकलनको लागि रहेको प्रारम्भिक वातावरणीय अध्ययन IEE पुनरावलोकनको लागि TOR स्वीकृत गरी आवश्यक कार्य अगाडी बढाईएको छ।

**प्रस्ताव नं. ९.२ साहनी बिल्डर्स निर्माण व्यवसायीसँग सम्झौता भएका ठेक्का सम्बन्धमा,**

**निर्णय नं. ९.२** बाणगङ्गा नगरपालिकाको कार्यालय र साहनी बिल्डर्स (प्रोप्राईटर राजेन्द्र चाई) ओमसतिया गाउँपालिका - ३, रुपन्देही वीच आ. व . २०७८/०७९ मा काम सम्पन्न गर्ने गरी ठे. न. 08/NCB/BMO/KAPIL/WORK/78-79, 15/NCB/BMO/KAPIL/WORK/78-79, 11/NCB/BMO/KAPIL/WORK/ 78-79 र 16/NCB/ BMO/ KAPIL/WORK/78-79 को ठेक्काको सम्झौता भएको र तोकिएको समयमा काम सम्पन्न हुन नसकेकोले २०७९ अश्विन मसान्तसम्म म्याद थप गरी म्याद थप भएको अवधि भन्दा एक महिना बढी अंवधिको वैंक जमानतको म्याद थप र म्याद थप भएको अवधिभित्र कार्य सम्पन्न गर्नका लागि पत्राचार गरिएकोमा उक्त निर्माण व्यवसायीले कुनै पनि कार्यको शुरुवात नगरेको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा ५९ को उपदफा २ (क) बमोजिम निर्माण व्यवसायीले खरीद सम्झौता बमोजिम कार्य सम्पादन नगरेको, दफा ६२ को उप दफा २ (ख) र (ग) बमोजिम बोलपत्रदाताले पालना गर्नु पर्ने आचरण पालना नगरेको, कार्यालयको किर्ते सहिछाप गरी वैंकमा समेत पेश गरेकोले ऐनको दफा ५९ को उप दफा ७ बमोजिम उल्लेखित खरीद सम्झौता अन्त्य गरी ऐनको दफा ८ बमोजिम सो वापत राखिएको पुरै जमानत जफत हुने व्यवस्था बमोजिम यस कार्यालयको निर्णयानुसार धरौटी जफत गरी नीजसँग भएको सम्झौता अन्त्य गरिएको र पुनः म्याद थप नगरिएकोले निर्माण व्यवसायीले बाणगङ्गा नगरपालिकाको कार्यालयलाई विपक्षी बनाई दर्ता गरेको मु.न. ०७९-WO-०१९१/४६ र मु.न. ०७९-WO-०१९०/४५ को रिट निवेदक साहनी बिल्डर्स (प्रोप्राईटर राजेन्द्र चाई) समेत भएको निषेधाज्ञा मिश्रित उत्प्रेषण तथा परमादेश मुद्दासंग सम्वन्धित ठे. न. 08/NCB/BMO/KAPIL/WORK/78-79, 15/NCB/BMO/KAPIL/WORK/78-79, 11/NCB/BMO /KAPIL/WORK/78-79 र 16/NCB/BMO/ KAPIL/WORK/78-79 को ठेक्काको मुद्दा हाल फैसला भएको र फैसलाको पूर्णपाठ प्राप्त हुन केहि समय लाग्ने भएकोले संक्षिप्त फैसला कार्यालयको निर्णयको पक्षमा भएको र बिपक्षीको रीट निवेदन खारेज भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा ५९ को उपदफा ८ मा उल्लेख भए बमोजिम सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बांकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बांकी सरह असुल उपर गरिनेछ भनि उल्लेख भएको हुदा काम सम्पन्न हुन बांकी रहेको रकम रु. १ करोड २१ लाख ६३ हजार ३१ मध्ये धरौटी जफत र भुक्तानी दिदा कट्टि भएको ५ प्रतिशत धरौटी रकम गरी जम्मा रु ६५ लाख ९८ हजार ५९ मात्र धरौटी जफतबाट असुल भएको र बाँकी रकम रु. ५५ लाख ६४ हजार ९ सय ७२ मात्र असुलीका लागि पत्राचार गर्ने र तोकिएको समयावधिभित्र नीजले रकम जम्मा नगरेमा सरकारी बांकी सरह असुलीको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ९.३ संघीय समपूरक र विशेष योजना माग सम्बन्धमा,**

**निर्णय नं. ९.३** बाणगङ्गा नगरपालिकाको आ.व.२०८१।०८२ को लागि संघीय समपूरक र विशेष योजनाको लागि निम्नानुसारका योजनाहरु सिफारिस गर्ने र समपुरक अनुदान सम्बन्धी (तेस्रो संसोधन) कार्यविधि, २०७७ बमोजिम नगरपालिकाले व्यहोर्नु पर्ने उल्लेखित रकम व्यहोर्ने प्रतिवद्दता गरी पठाउने निर्णय गरियो।

**संघीय समपुरक योजना तर्फ**

| सि.नं. | योजनाको नाम | वडा नं. | संघीय | नगरपालिकाले व्यहोर्ने |
|---|---|---|---|---|
| १ | बनगाई-मोतिपुर-डोहोटे सडक | ७, ९ | १ करोड | १ करोड ५ लाख |
| २ | वरवा, सोनपुर, विरपुर सडक | १० | १ करोड | १ करोड ५ लाख |
| ३ | बुङ्ची-जहदी सडक | ५,६ | १ करोड | १ करोड ५ लाख |

**संघीय विशेष योजना तर्फ**

| सि.नं. | योजनाको नाम | वडा नं. | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कामता मा.वि. करेलिया | १० | २ करोड | |
| २ | हेमराज मा.वि. हथौसा | ११ | २ करोड | |

**प्रस्ताव नं. ९.४ महिलासंग उपप्रमुख शिर्षकमा रहेको कार्यक्रमको विनियोजन सम्बन्धमा।**

**निर्णय नं. ९.४** आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रमको सि.नं. २९० मा रहेको महिलासंग उपप्रमुख कार्यक्रमबाट निम्नानुसारको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

| क्र. सं. | संस्थाको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | सिद्धार्थ सामाजिक विकास संस्था, बा.न.पा. ०४ कपिलवस्तु। | महिलाहरुको पाठेघर जाँच सम्बन्धी १ दिने शिविर सञ्चालन | ६५,०००।- |
| २ | बुद्ध आवाज मिडिया हब, बा.न.पा. ०४ कपिलवस्तु। | महिलाहरुको क्षमता तथा नेतृत्व विकास तालिम (३ दिने) | १,५०,०००।- |
| ३ | समृद्धि मिडिया होम बा.न.पा. ०४ कपिलवस्तु। | महिलाहरुका लागि सिलाई कटाइ एडभान्स तालिम (१ महिने) | २,००,०००।- |
| ४ | लक्ष्मणघाट सामाजिक विकास केन्द्र बा.न.पा. ०६, कपिलवस्तु। | महिला हिंसा न्यूनीकरण सम्बन्धी नाटक सञ्चालन (८ स्थानमा) | ९९,७००।- |
| ५ | सामुदायीक टेलिभिजन बुद्ध आवाज, बा.न.पा. ०४ कपिलवस्तु। | महिला जनप्रतिनिधि र महिला नेतृका लागि उदघोषण सीप तथा सामाजिक मिडिया संचालन तालिम | १,००,०००।- |
| ६ | प्राचिन कपिलवस्तु बहुसरोकार सञ्च बा.न.पा. ०४ कपिलवस्तु। | महिलाहरुका लागि सरसफाईसँग सम्बन्धित सर्फ बनाउने तालिम (१५ दिने) | ३,००,०००।- |
| ७ | सिद्धिपुर सामाजिक महिला विकास संस्था, बा.न.पा. ०४, कपिलवस्तु। | लैगिक हिंसा न्यूनीकरणका लागि महिला पुरुष समविकास तालिम (३/३ दिन २ स्थानमा) | १,५०,०००।- |
| ८ | बैखरी मिडिया प्रा.लि. बा.न.पा. ०८, कपिलवस्तु। | छात्राहरुका लागि नगर स्तरीय वक्तित्वकला प्रतियोगिता | १,००,०००।- |
| ९ | बैखरी मिडिया प्रा.लि. बा.न.पा. ०८ कपिलवस्तु। | नगर भित्रका सहकारी र आमा समूहका महिलाहरुका लागि उदघोषण तथा नेतृत्व विकास तालिम | १,००,०००।- |
| १० | श्री समृद्धि नारी जागृति समूह बाणगंगा ०२ नन्दनगर | महिलाहरुका लागि पोते सेट तथा जनै बनाउने तालिम (१५ दिने) | २,५०,०००।- |
| ११ | मायादेवी मिडिया ग्रुप प्रा.लि. बाणगंगा ०४ कपिलवस्तु। | किशोरीसँग उप प्रमुख कार्यक्रम उत्पादन, सहजीकरण र प्रसारण | १,००,०००।- |
| | | जम्मा | १६,१४,७००।- |

**प्रस्ताव नं. ९.५ बहुक्षेत्रीय पोषणको बजेटबाट कार्यक्रम ब्रेकडाउन सम्बन्धमा,**

**निर्णय नं. ९.५** चालु आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत कार्यक्रम अनुसार विनियोजन भएको बजेटबाट सञ्चालन हुने गरी निम्नानुसारका कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

| क्र स | क्रियाकलाप | नेपाल सरकार अनुदान रु. | स्थानिय तह अनुदान रु | जम्मा रु |
|---|---|---|---|---|
| क | **शासकिय प्रबन्ध क्षेत्र** | | | |
| १ | नगरपालिका स्तरिय पोषण तथा खाद्यसुरक्षा निर्देशक समिति बैठक | ० | ४०००० | ४०००० |
| २ | वडास्तरिय पोषण तथा खाद्यसुरक्षा निर्देशक समिति बैठक | ० | १००७७४ | १००७७४ |
| ३ | पोषण तथा खाद्यसुरक्षा निर्देशक समिति तथा सरोकारवालाहरुलाई अभिमुखीकरण | ० | ६०००० | ६०००० |
| ४ | पोषण स्वयंसेवक पारीश्रमिक, संचार तथा यातायात | २९८५०० | १४९२२६ | ४४७७२६ |
| ५ | पोशाक भत्ता | १०००० | ० | १०००० |
| ६ | स्थानिय एफ एमबाट पोषण सन्देश प्रसारण, | ० | ३०००० | ३०००० |
| ७ | पोषण सम्बन्धी प्रचार प्रसार सामग्री छपाई | ० | ३०००० | ३०००० |
| ८ | पोषणको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) निर्माण | ० | १५०००० | १५०००० |
| ९ | पोषणमैत्री वडा निर्माणको लागी पोषण तथा खाद्यसुरक्षा निर्देशक समिति र अन्य सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रम | ० | ५०००० | ५०००० |
| १० | सुनौला हजार दिनका आमाहरुलाई पोषणमैत्री टोलको अवधारणा स्वास्थ्य, घरायसी खाद्यान्न उत्पादन,पूर्ण सरसफाई तथा पोषणको महत्व सम्बन्धी छलफल | ० | ५०००० | ५०००० |
| ११ | बालपोषण भत्ताको प्रभावकारी उपयोगको बारेमा अभिभावकहरुलाई अभिमुखिकरण | ० | ८६००० | ८६००० |
| १२ | पोषण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण | ० | २०००० | २०००० |
| १३ | पोषणमैत्री कार्यक्रमको समिक्षा | ० | ४०००० | ४०००० |
| | **जम्मा** | ३०८५०० | ८०६००० | १११४५०० |
| ख | **कृषि विकास क्षेत्र** | | | |
| १ | सुनौला हजार दिनका आमाहरुलाई उन्नत तरकारीको बीउबीजन खरिद तथा वितरण | ० | १२०००० | १२०००० |
| २ | स्थानिय रैथाने बाली प्रबर्द्धनको लागी छलफल कार्यक्रम | ० | ३५००० | ३५००० |
| | **जम्मा** | | १५५००० | १५५००० |
| ग | **पशुपंक्षी विकास क्षेत्र** | | | |
| १ | उन्नत जातको कुखुराको चल्ला खरिद,दाना र औषधी वितरण | ० | ४००००० | ४००००० |
| | **जम्मा** | ० | ४००००० | ४००००० |
| घ | **शिक्षा क्षेत्र** | | | |
| १ | वालविकास केन्द्रका बालबालिका अभिभावकहरुलाई पोषण, सरसफाई र वालविकास सम्बन्धि अभिभावक शिक्षा | ० | ४०००० | ४०००० |
| २ | बालविवाहजस्ता सामाजिक कुप्रथा विरुद्दमा सडक नाटक | ० | ५०००० | ५०००० |
| | **जम्मा** | ० | ९०००० | ९०००० |
| ङ | **महिला तथा बालबालिका क्षेत्र** | | | |
| १ | सुनौला हजार दिनका घरपरिवारका सदस्यहरुलाई (सासुबुहारी, श्रीमान श्रीमती) पोषण व्यवहार सम्बन्धी अनुशिक्षण | ० | ३५२९५ | ३५२९५ |
| २ | पोषण अनुदानका लागी विपन्न समुदायका महिला समुह वा सहकारीहरुलाई विपन्न सदस्यको आयआर्जन सुधार कार्यक्रम गर्न अनुदान | ६००००० | २५००० | ६२५००० |
| | **जम्मा** | ६००००० | ६०२९५ | ६६०२९५ |
| च | **खानेपानी तथा सरससफाई क्षेत्र** | | | |
| १ | सुनौला हजार दिनका आमाहरुलाई पूर्ण सरसफाई सम्बन्धी तालिम | ० | ८०२०५ | ८०२०५ |
| | **जम्मा** | ० | ८०२०५ | ८०२०५ |
| छ | **स्वास्थ्य क्षेत्र** | | | |
| २ | बहिरङ्ग उपचार केन्द्र (OTC) को स्थापना वा पोषणको लेखाजोखा | ४१५०० | ८५०० | ५०००० |
| ३ | पोषण मैत्री स्वास्थ्य संस्था घोषणा | ५०००० | ० | ५०००० |
| | **जम्मा** | ९१५०० | ८५०० | १००००० |
| | **कुल जम्मा** | १०००००० | १६००००० | २६००००० |

CamScanner

**प्रस्ताव नं. ९.६ खानेपानी, सरसफाई तथा स्वच्छता नियमावली, २०८० स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. ९.६** सरोकारवालाहरुसंगको समनव्यमा तयार भई नगरको विधायन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएको बाणगङ्गा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता नियमावली, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.७ श्रृङ्गिघाट सिंचाई आयोजनाको भुक्तानी सम्बन्धमा,**

**निर्णय नं. ९.७** श्रृङ्गिघाट सिंचाई जल उपभोक्ता समितिको माग बमोजिम नगर स्तरीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार यस कार्यालयको च.नं. ४३०८, मितिः२०८०।०२।०७ बमोजिम श्रृङ्गिघाट सिंचाईको बाँध तथा नहर सफाई का लागि जिल्ला स्तरीय अनुगमन तथा समन्वय समिति, कपिलवस्तु पठाईएकोमा जिल्ला समन्वय समितिको कार्यलयको च.नं. ३३२, मितिः २०८०।०२।२३ गते नहर तथा बाँध सफाईको लागि अनुमति प्राप्त भएको, सो पश्चात यस नगरपालिकाबाट मितिः२०८०।०२।२४ मा बाँध तथा नहर सफाई गर्न श्रृङ्गिघाट जल उपभोक्ता समितिलाई अनुमति दिईएकोमा श्रृङ्गिघाट सिंचाई जल उपभोक्ता समितिबाट बाँध तथा नहर सफाई गरी उक्त स्थानबाट निस्किएको नदीजन्य पदार्थ डम्पिङ गरी राखिएको र बाँध तथा नहर सफाई एवं डम्पिङ गर्दा लागेको खर्च जल उपभोक्ता समितिबाट बिल भरपाई सहित भुक्तानीको लागि माग भई आएको, उक्त नदीजन्य पदार्थको गत आ.व. २०७९।०८० मै ठेक्का बन्दोबस्त हुन प्रयाप्त समय नभएकोले भुक्तानीको स्रोत सुनिश्चित नभएको कारण सोही आ.व.मा भुक्तानि दिन नसकिएको र भुक्तानी बाँकी प्रमाणित समेत हुन नसकेको तर नगरको १३औं नगरसभाबाट आ.व.२०८०।०८१ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं.४४० मा श्रृङ्गिघाट सिंचाई उपभोक्ता समितिलाई व्यवस्थापन खर्च तथा संस्थागत अनुदान (विपद व्यवस्थापन समितिको निर्णयानुसार नहर सफाई गर्दा लागेको खर्च समेत) मा रु.२०लाख बजेट विनियोजन भएको, चालु आ.व.२०८०।०८१ मा डम्पिङ गरी राखिएको नदीजन्य पदार्थको ई-बिडिङ मार्फत कबोल अंक रु. २८,६१,२०५।– (रु.३२,७६,०८०।– मु.अ.कर र आय कर सहित) मा ठेक्का ठेक्का बन्दोबस्त भई रकम प्राप्त भईसकेकोले उपभोक्ता समिति मार्फत गत आर्थिक वर्षमा यस कार्यालयमा पेश भएका बिल भरपाई र प्राविधिक मूल्याङ्कनको आधारमा रु.१३,२५,०००।– (अक्षेरुपी रु.तेह्रलाख पच्चिस हजार) नियमानुसार करकट्टी गरी समितिको खाताबाट भुक्तानी पाउने गरी रकम उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.८ कृषि बजार पूर्वाधार निर्माण सम्बन्धमा,**

**निर्णय नं. ९.८** चालु आ.व.२०८०।०८१ को कृषि कार्यक्रम तर्फ सि.नं. ३१ मा रहेको डिपिआर अनुसार कृषि बजार पूर्वाधार निर्माण तथा निरन्तरता (वडा नं.४) को लागि यसै नगरपालिका वडा नं. ४ जवैया क्षेत्रमा कृषि बजार पूर्वाधार निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.९ विविध ।**

**निर्णय नं. ९.९.१** नगरपालिकाको प्रथम चौमासिक सार्वजनिक सुनुवाई २०८०।१०।१४ गते ११:३० बजे सम्पन्न गर्ने गरी तयारी गर्ने ।

**निर्णय नं. ९.९.२** यस कार्यालयबाट प्रवाह हुने सेवाहरुको संयुक्त शिविर कार्यक्रम मितिः२०८०।१०।१७ गते बुधवारको दिन बाणगङ्गा नगरपालिका वडा नं. १० को मेच्क्युरी डाँडामा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.९.३** राष्ट्रपति रनिङ शिल्ड २०८० मा २३, २४ र २५ गते सञ्चालन गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ९.९.४ यस नगरपालिकाको वडा नं. ५ र ८ मा पोषण मैत्री वडा उन्मुख अवस्थामा रहेकोले आवश्यक कार्यक्रम सञ्चालन गरी पोषणमैत्री वडा घोषणा गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ९.९.५ ३२ जना नेपाली नागरिकहरुबाट लोगो तयार गरी छनोटको लागि पठाईएकोमा लोगो छनोट समितिबाट ६ वटा लोगोहरु सर्टलिस्टिङ गरी कार्यपालिकामा पेश भएको र प्रस्तुत भएका लोगोहरुलाई अझ सुधार गरी छनोट गर्ने अधिकार समेत लोगो छनोट समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९.९.६ यस नगरपालिका वडा नं. १० अन्तर्गत त्रिमार्ग टोल विकास संस्थाका अध्यक्ष श्री मदन श्रेष्ठको असहमाहिक निधनको खवरले सिंगो नगरपालिका परिवार स्तब्ध भएको छ । उहाँको मृतआत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तब्ध परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

निर्णय नं. ९.९.७ करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम मापदण्ड पुगेका सबै कर्मचारीहरुको आर्थिक वर्ष २०८०।०८१ को माघ १ गते देखि असार मसान्त सम्म करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ९.९.८ नगरपालिका तथा वडा कार्यालयमा प्राप्त नागरिकका गुनासा तथा जिज्ञासालाई यथाशीघ्र सम्बोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९.९.९ यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम साथै कार्यपालिकाबाट छुट्याईएका स्वीकृत कार्यक्रमहरुको निकासाको लागि जाँचपास तथा फरफारक समितिबाट सिफारिस भई आएका सिफारिसहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।